आज मिति २०८२ असोज ०५ गते आइतवारका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

लेखा अधिकृत : श्री मनि राना मगर

इन्जिनियर :- श्री सुरेश गौतम

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ



CamScanner

मिति २०८२ असोज ५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा।**

मिति २०८२/०५/२२ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था वारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय : २ : उपभोक्ता समितिहरुको तालिम सम्बन्धमा ।**

आ.व. २०८२/०८३ का योजना कार्यन्वयनलाई थप व्यवस्थित र गुणस्तरिय वनाउनको लागि उपभोक्ता समितिको क्षमताअ अभिवृद्धि गर्न निम्नानुसारको समय तालिकामा तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

| वडा नं. | मिति | स्थान |
|---|---|---|
| १ | २०८२ असोज २२ गते | नायूँ सामुदायिक भवन |
| २ | २०८२ असोज २३ गते | मोर्डि सामुदायिक भवन |
| ३ | २०८२ असोज २४ गते | वडा कार्यालयको सभाहल, खुदी |
| ४ | २०८२ असोज २६ गते | छापा डाँडा सामुदायिक भवन |
| ५ | २०८२ असोज २७ गते | घेर्मु सामुदायिक भवन |
| ६ | २०८२ असोज २८ गते | सितलादेवी सामुदायिक भवन, ठुलोवेंसी |
| ७ | २०८२ असोज २९ गते | डादी सामुदायिक भवन |
| ८ | २०८२ असोज ३० गते | वडा कार्यालयको सभाहल, भुलभुले |
| ९ | २०८२ असोज ३१ गते | पूर्वेली टोल सामुदायिक भवन |

**निर्णय : ३ : प्राथमिकताका आधारमा झोलुङ्गे पुल मर्मत सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाको लागी आ.व. २०८२/८३ मा सशर्तका योजना तथा कार्यक्रमहरु मध्ये नेपाल सरकार, झोलुंगे पुल क्षेत्रगत कार्यक्रम, यातायात पूर्वाधार उपक्षेत्र अन्तर्गत विनियोजित रकम रु ८,००,०००.०० (अक्षरुपी आठ लाख रुपैया मात्र) बराबरको बजेटलाई आधार मानी यसै पालिकाबाट थप १३% र उपभोक्ता समितिबाट २% लागत साझेदारी सहित हुन आउने न्युनतम रकम रु ९,४१,१७६.४७ (अक्षरुपी नौ लाख एक्चालीस हजार एक सय छयात्तर रुपैया सङ्चालीस पैसा मात्र) तपशिल बमोजिमका झोलुङ्गे पुलहरुको अत्यावश्यक मर्मत गर्नुपर्ने भएकाले प्राथमिकताका आधारमा प्राविधिकको ईष्टिमेट बमोजिम मर्मतको कार्य अगाडी बढाउने निर्णय गरियो।

तपशिलः

| सि.नं. | झोलुंगे पुलको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | श्रीचौर खल्चे झो.पु. | म.गा.पा-४,५ | |
| २ | पोजे खोला झो.पु. | म.गा.पा-१ | |
| ३ | डंडरे खोला झो.पु. | म.गा.पा-९ | |
| ४ | खुदी खोला झो.पु. | म.गा.पा-३,९ | |

**निर्णय : ४ : शुभकामना आदानप्रदान सम्बन्धमा ।**

विजया दशमी, दिपावली तथा छठ पर्व २०८२ को अवसरमा सुख शान्ती, दिर्घायू र प्रगतिको हार्दिक शुभकामना आदानप्रदान भयो । यसै अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुमा समेत हार्दिक शुभकामना प्रकट भयो ।

**निर्णय : ५ : सेवा प्रवाह सम्बन्धमा ।**

आ.व. २०८२/०८३ को निती तथा कार्यक्रममा समेत समावेश भएको यस गाउँपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न शाखाहरुबाट हुने सेवा प्रवाहमा भएको झन्झट, ढिला सुस्ति, र काम नगरि दिएको भन्ने जस्ता जन गुनासोहरुलाई पूर्ण रुपमा अन्त्य गर्न तथ्य र आधार सहित लिखित रुपमा सूचना अधिकारी मार्फत वा टेलिफोन, मेसेज, ईमेल मार्फत गाउँपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई सोझै सम्पर्क वा जानकारी गर्ने व्यवस्था मिलाईनेछ भन्ने वाक्यांश वमोजिम सुशासन कायम गर्न र सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन कडाईका साथ कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय ६: आर्थिक सहयोग सम्बन्धमा ।**

❖ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. विजया दशमीको पुजा लगायत चाडपर्वको लागि जिल्ला प्रहरी कार्यालय, लमजुङलाई रु.२५,०००।- (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) सहयोग उपलब्ध गराउने ।

२. विजया दशमीको पुजा लगायत चाडपर्वको लागि खुदी प्रहरी चौकीलाई रु.२५,०००।- (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) सहयोग उपलब्ध गराउने ।

३. विजया दशमीको पुजा लगायत चाडपर्वको लागि अस्थाई प्रहरी पोष्ट जगतलाई रु.१०,०००।- (अक्षरुपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने ।

४. विजया दशमीको पुजा लगायत चाडपर्वको लागि प्रहरी चौकी, बाहुनडाँडालाई रु.१०,०००।- (अक्षरुपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने ।

५. कन्यादेवी यूवा क्लव, मर्स्याङ्दी -४, मिप्रा द्धारा आयोजित पुरुष तथा महिला फुटबल प्रतियोगिता सञ्चालनार्थ रु.७५,०००।- सहयोग उपलब्ध गराउने ।

६. डा. हर्क गुरुङ प्रतिष्ठानद्धारा सञ्चालन गर्ने स्व. डा. हर्क गुरुङको १९ औं स्मृति सभा तथा श्रद्धान्जली कार्यक्रमको सञ्चालनार्थ रु. २५,०००।- (पच्चिस हजार रुपैया मात्र) सहयोग गर्ने ।